नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

संघीय मामिला शाखा

फोन { ४२००३०९, ४२००२८१

पत्र संख्याः- २०७६/०७७

चलानी नं.:- 68

मितिः २०७६/११/०४

श्री नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै) ।

विषयः- असल अभ्यास पठाउने सम्बन्धमा ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुलाई नीतिगत क्षमता विकास लगायतका विषयहरुमा सहजीकरण तथा सहयोग गर्दै आएको कुरा विदितै छ । यसै सन्दर्भमा गाउँपालिका तथा नगरपालिकाले संविधान तथा प्रचलित कानून अनुसार आफ्नो काम, कर्तव्य र अधिकारको अभ्यासका क्रममा गरेका उदाहरणीय कार्यहरुलाई असल अभ्यास मानी त्यस्ता कार्यको निरन्तरताको लागि प्रोत्साहन गर्दै अन्य गाउँपालिका तथा नगरपालिकाका लागि समेत उदाहरणस्वरुप प्रचार प्रसार गर्न आवश्यक देखिएकोले यस मन्त्रालयबाट त्यस्ता असल अभ्यासहरुको सङ्कलन तथा प्रकाशन गर्ने तयारी गरेको छ ।

प्रस्तुत परिप्रेक्ष्यमा सबै गाउँपालिका तथा नगरपालिकाले संविधान तथा प्रचलित कानून अनुसार आफ्नो काम, कर्तव्य र अधिकारको सीमा भित्र रहि गरेका उदाहरणीय कार्यहरुको शिर्षक सहितको विवरण, उक्त कार्य असल अभ्यास हो भनी पुष्ट्याई गर्ने विवरण, तथ्य एवम् तथ्याङ्क र सम्भव भएसम्म तस्विर समेत संलग्न गरी २०७६ फाल्गुण १५ गते भित्र यस मन्त्रालयमा आईपुग्ने गरी (email: fsmofaga@gmail.com) पठाई दिनुहुन भनी च.नं.७४ मिति २०७६/१०/१६ पत्रानुसार अनुरोध गरिएकोमा अधिकाश गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त उदाहरणीय कार्य कुनै ढाँचामा प्राप्त नभएको हुँदा पहिले असल अभ्यास पठाई सक्नु भएका गाउँपालिका तथा नगरपालिका एवं पठाउन बाँकी गाउँपालिका तथा नगरपालिकाले देहायको ढाँचामा २०७६ फाल्गुण १५ गते भित्र पठाईदिनुहुन आदेशानुसार पुनः अनुरोध छ ।

देहायः

१. असल अभ्यासको शिर्षकः
२. असल अभ्यास हुनको कारण (सो कार्यले पारेको वा पार्न सक्ने सकारात्मक प्रभाव)
३. असल अभ्यासलाई पुष्टि गर्ने तस्वीर लगायतका विवरण, तथ्य एवम् तथ्याङ्क
४. निर्ष्कष (त्यस गाउँपालिका/नगरपालिकाले यस कार्यलाई असल अभ्यास मान्नुको संक्षिप्त साराशं)

(दुर्गा दाहाल)
शाखा अधिकृत

बोधार्थः

**श्री प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमः** असल अभ्यास सङ्कलन कार्यमा आवश्यक समन्वय गरि दिनुहुन ।

**श्री सूचना प्रविधि शाखाः** प्रस्तुत पत्र यस मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।